# शान्तिनगर गाउँपालिकाका उपाध्यक्ष श्री प्रेमा कुमारी वुढाथोकीले २० औं गाउँ सभामा प्रस्तुत गर्नुभएको आर्थिक वर्ष २०८३/८४ को वार्षिक आय तथा व्यय (वजेट) वक्तव्य

**(२०८३ असार १० गते बुधबार)**

**शान्तिनगर गाउँपालिका**

## गाउँ कार्यपालिकाको कार्यालय

**जुम्लेकुला, दाङ**

**लुम्बिनी प्रदेश, नेपाल**

# शान्तिनगर गाउँपालिका
## आर्थिक वर्ष २०८३/०८४ को आय र व्ययको अनुमान (बजेट) वक्तव्य

**गाउँसभाका अध्यक्षज्यू,**
**गाउँसभाका सदस्यज्यूहरू,**
प्रमुख प्रशासकीय अधिकृतज्यू, विषयगत शाखाका प्रमुखज्यूहरू, अन्य राष्ट्रसेवक कर्मचारीहरू, सञ्चारकर्मी मित्रहरू, सुरक्षा निकायका प्रतिनिधिहरू, नागरिक समाजका अगुवाहरू तथा उपस्थित सम्पूर्ण महानुभावहरू ।

नेपालको संविधानले परिकल्पना गरेको समृद्ध, समावेशी, समाजवाद उन्मुख तथा सुशासित राष्ट्र निर्माणको राष्ट्रिय आकाङ्क्षालाई स्थानीय तहबाट सार्थक बनाउने उद्देश्यका साथ शान्तिनगर गाउँपालिकाको आर्थिक वर्ष **२०८३/०८४ को आय र व्ययको अनुमान (बजेट)** यस गरिमामय गाउँसभामा प्रस्तुत गर्न पाउँदा मलाई अत्यन्त खुशी र गौरवको अनुभूति भएको छ। यस ऐतिहासिक अवसरमा नेपालको सार्वभौमिकता, राष्ट्रिय एकता, लोकतन्त्र, संघीय लोकतान्त्रिक गणतन्त्र, समावेशी शासन व्यवस्था तथा सामाजिक न्याय स्थापनाका लागि जेन्जी आन्दोलन लगायत विभिन्न कालखण्डमा आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात–अज्ञात शहीदहरूप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु। साथै लोकतान्त्रिक आन्दोलनमा योगदान पुर्‍याउनुहुने अग्रज, घाइते, अपाङ्गता भएका व्यक्तिहरू तथा सम्पूर्ण नागरिकप्रति उच्च सम्मान व्यक्त गर्दछु।

**गाउँसभाका अध्यक्षज्यू,**
**गाउँसभाका सदस्यज्यूहरू,**

आज प्रस्तुत गर्न लागेको बजेट नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगका सिफारिसहरू, नेपाल सरकार तथा प्रदेश सरकारका नीति तथा कार्यक्रम, चालू सोह्रौं योजना, दिगो विकासका लक्ष्य (SDGs), शान्तिनगर गाउँपालिकाको आवधिक विकास योजना, मध्यमकालीन खर्च संरचना, गाउँपालिकाको आगामी आर्थिक वर्षको २०८३/८४ को नीति तथा कार्यक्रम तथा गाउँपालिका वासीका आवश्यकता र अपेक्षालाई आधार मानी तयार गरिएको छ ।

यस बजेटले **सुशासन, दिगो विकास, सामाजिक न्याय, आर्थिक समृद्धि, उत्पादन वृद्धि, रोजगारी सिर्जना, गुणस्तरीय सेवा प्रवाह तथा नागरिकमैत्री स्थानीय शासन**लाई केन्द्रमा राखेको छ।

**अब म शान्तिनगर गाउँपालिकाको आर्थिक तथा सामाजिक अवस्थाको समीक्षा प्रस्तुत गर्दछु ।**

**गाउँसभाका अध्यक्षज्यू,**
**गाउँसभाका सदस्यज्यूहरू,**

विश्व अर्थतन्त्रमा देखिएको मन्दी, जलवायु परिवर्तन, उत्पादन लागतमा भएको वृद्धि तथा श्रमशक्तिको वैदेशिक पलायनजस्ता चुनौतीहरूको प्रभाव स्थानीय अर्थतन्त्रमा समेत परेको छ। यद्यपि संघ, प्रदेश र स्थानीय तहबीचको समन्वय तथा नागरिकको सक्रिय सहभागिताबाट विकास निर्माणका कार्यहरू निरन्तर अघि बढिरहेका छन्। आर्थिक वर्ष २०८२/०८३ मा शान्तिनगर गाउँपालिकाले उपलब्ध स्रोत–साधनको अधिकतम उपयोग गर्दै शिक्षा, स्वास्थ्य, कृषि, पूर्वाधार, सामाजिक सुरक्षा, महिला सशक्तीकरण, युवा विकास तथा सुशासनका क्षेत्रमा उल्लेखनीय कार्यहरू सम्पन्न गरेको छ। सेवा प्रवाहलाई थप सरल, पारदर्शी र प्रविधिमैत्री बनाउन विभिन्न सुधारका कार्यक्रम सञ्चालन गरिएका छन्। यद्यपि बेरोजगारी, विपन्नता, उत्पादनशील क्षेत्रको न्यून लगानी, विपद्को जोखिम, कृषिमा आधुनिकीकरणको आवश्यकता, शिक्षा र स्वास्थ्य सेवाको गुणस्तरमा थप सुधार, स्थानीय राजस्वको सीमितता तथा वातावरणीय चुनौतीहरू अझै समाधान गर्नुपर्ने विषयका रूपमा रहेका छन्। यी चुनौतीहरूलाई अवसरमा रूपान्तरण गर्दै "शान्तिनगर गाउँपालिकाको दायित्व, सुशासन र संवृद्धिको स्थायित्व" भन्ने संकल्प पुरा गर्नु हामी सबैको साझा दायित्व हो।

**अब म विगत आर्थिक वर्षका प्रमुख उपलब्धिहरू प्रस्तुत गर्ने अनुमती माग्दछु ,**

**गाउँसभाका अध्यक्षज्यू,**
**गाउँसभाका सदस्यज्यूहरू,**

गत आर्थिक वर्षमा गाउँपालिकाले स्वीकृत नीति तथा कार्यक्रमअनुसार विभिन्न क्षेत्रमा उल्लेखनीय उपलब्धि हासिल गरेको छ। मुख्य उपलब्धिहरू यस प्रकार रहेका छन्

- गाउँपालिकाको आवधिक विकास योजना कार्यान्वयनलाई थप प्रभावकारी बनाइएको।
- विद्यालय शिक्षाको गुणस्तर सुधारका लागि विभिन्न सुधार कार्यक्रम सञ्चालन गरिएको।
- विद्यालयहरूमा प्रविधिमैत्री सिकाइ वातावरण विस्तार गरिएको।
- शिक्षकहरूको पेशागत क्षमता अभिवृद्धिका कार्यक्रम सञ्चालन गरिएको।
- विद्यार्थीहरूको सिकाइ उपलब्धि सुधारका लागि विभिन्न नवप्रवर्तनात्मक कार्यक्रम लागू गरिएको।
- आधारभूत स्वास्थ्य सेवा विस्तार तथा स्वास्थ्य संस्थाको सेवा गुणस्तर सुधार गरिएको।
- कृषि उत्पादन वृद्धि, व्यावसायिक खेती तथा पशुपालन प्रवर्द्धनका कार्यक्रम सञ्चालन गरिएको।
- स्थानीय सडक, खानेपानी, सिंचाइ तथा अन्य पूर्वाधार निर्माणमा उल्लेखनीय प्रगति हासिल गरिएको।
- विपद् व्यवस्थापन तथा वातावरण संरक्षणका क्षेत्रमा पूर्वतयारी र सचेतनामूलक कार्यक्रम सञ्चालन गरिएको।

## अब म आ.व. २०८३/८४ को बजेट तर्जुमाका आधार तथा सिद्धान्त प्रस्तुत गर्दछु ।

प्रस्तुत बजेट निम्न आधार तथा सिद्धान्तमा आधारित रहेको छ,

१. नेपालको संविधानको मर्म र भावना।
२. स्थानीय सरकार सञ्चालन ऐन, २०७४
३. अन्तरसरकारी वित्त व्यवस्थापन ऐन
४. नेपाल सरकार तथा प्रदेश सरकारको नीति तथा कार्यक्रम
५. दिगो विकास लक्ष्य (SDGs)
६. शान्तिनगर गाउँपालिकाको आवधिक विकास योजना
७. आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम
८. स्थानीय आवश्यकता, नागरिकका सुझाव तथा जनप्रतिनिधिको प्रतिबद्धता
९. वित्तीय अनुशासन, पारदर्शिता, उत्तरदायित्व र परिणाममुखी बजेट प्रणाली

## अब म बजेटका उद्देश्य प्रस्तुत गर्दछु ।

आर्थिक वर्ष २०८३/०८४ को बजेटका प्रमुख उद्देश्यहरू निम्न रहेका छन्

- गुणस्तरीय सार्वजनिक सेवा प्रवाह सुनिश्चित गर्नु ।
- समावेशी तथा दिगो आर्थिक विकासलाई गति दिनु ।
- कृषि, उद्योग, पर्यटन तथा उद्यमशीलताको विकासमार्फत स्थानीय अर्थतन्त्र सुदृढ गर्नु ।
- गुणस्तरीय समावेशी शिक्षा तथा स्वास्थ्य सेवामा सबै नागरिकको पहुँच सुनिश्चित गर्नु ।
- दिगो, सुरक्षित तथा व्यवस्थित पूर्वाधार निर्माण गर्नु ।
- महिला, बालबालिका, ज्येष्ठ नागरिक, दलित, जनजाति, अपाङ्गता भएका व्यक्ति तथा विपन्न समुदायको सशक्तीकरण गर्नु ।
- वातावरण संरक्षण तथा विपद् जोखिम न्यूनीकरणलाई संस्थागत गर्नु ।
- सुशासन, पारदर्शिता तथा डिजिटल सेवा प्रवाहलाई सुदृढ गर्नु ।

## अब म बजेटका प्राथमिकताहरू प्रस्तुत गर्ने अनुमति मागदछु ।

उपलब्ध स्रोत र साधनलाई मध्यनजर गर्दै आगामी आर्थिक वर्षको बजेटमा निम्न क्षेत्रलाई उच्च प्राथमिकता दिइएको छ,

- शिक्षा तथा मानव पूँजी विकास
- स्वास्थ्य तथा पोषण
- कृषि आधुनिकीकरण र खाद्य सुरक्षा
- रोजगार तथा उद्यमशीलता

- सडक, पुल, खानेपानी तथा सिंचाइ
- महिला, बालबालिका तथा सामाजिक समावेशीकरण
- युवा तथा खेलकुद
- पर्यटन तथा सांस्कृतिक संरक्षण
- वन, वातावरण तथा जलवायु परिवर्तन
- विपद् व्यवस्थापन
- सूचना प्रविधि तथा डिजिटल सुशासन
- संस्थागत क्षमता विकास तथा वित्तीय अनुशासन

**अब म बजेटको आयको स्रोत तथा स्रोत व्यवस्थापन प्रस्तुत गर्दछु ।**

कुनै पनि सरकारको नीति तथा कार्यक्रमको सफल कार्यान्वयनका लागि पर्याप्त स्रोतको सुनिश्चितता अपरिहार्य हुन्छ। सीमित स्रोत र असीमित आवश्यकताबीच सन्तुलन कायम गर्दै आगामी आर्थिक वर्षको बजेट तर्जुमा गरिएको छ। आर्थिक बर्ष २०८२/८३ को वजेट तथा कार्यक्रमलाई सफलतापूर्वक कार्यान्वयनको अन्तिम चरणमा छौ, चालू आर्थिक बर्ष २०८२/८३ को कुल बजेट रु. ४८ करोड ९८ लाख ५३ हजार ३३७ मध्ये २६ करोड ४८ लाख ७० हाजर ११२ (करिव ५५%) खर्च भएको अवस्था रहेको छ। आगामी आर्थिक वर्ष २०८३/०८४ का लागि आवश्यक स्रोत नेपाल सरकार तथा प्रदेश सरकारबाट प्राप्त हुने वित्तीय समानीकरण अनुदान, सशर्त अनुदान, समपूरक अनुदान, विशेष अनुदान, राजस्व बाँडफाँड, आन्तरिक आय, मौज्दात तथा अन्य वैधानिक स्रोतबाट व्यवस्थापन गरिनेछ। यस वर्ष आन्तरिक आय अभिवृद्धिका लागि कर प्रशासनलाई प्रविधिमैत्री बनाइनेछ। करदातामैत्री सेवा, करको दायरा विस्तार, राजस्व चुहावट नियन्त्रण तथा कर शिक्षालाई प्रभावकारी बनाउँदै आन्तरिक राजस्वलाई क्रमशः आत्मनिर्भर बनाउने नीति लिइएको छ। स्थानीय स्रोत र साधनको अधिकतम परिचालन, सार्वजनिक–निजी साझेदारी, सहकारी तथा समुदायको सहभागितालाई प्रोत्साहन गर्दै विकास निर्माणका कार्यक्रम सञ्चालन गरिनेछ।

**अब म बजेट कार्यान्वयनको चरणमा हुने खर्चको नीति प्रस्तुत गर्दछु ।**

प्रस्तुत बजेटको खर्च नीति **मितव्ययिता, पारदर्शिता, वित्तीय अनुशासन, नतिजामुखी व्यवस्थापन तथा दिगोपन** मा आधारित रहेको छ। चालु खर्चलाई आवश्यक सीमाभित्र राख्दै पुँजीगत खर्चको प्रभावकारिता बढाइनेछ। सम्पन्न हुन नसक्ने तथा दोहोरो प्रकृतिका आयोजनालाई निरुत्साहित गर्दै कम लागतमा बढी प्रतिफल दिने आयोजना तथा प्रत्यक्ष रूपमा नागरिकको जीवनस्तर सुधार गर्ने कार्यक्रमलाई प्राथमिकता दिइएको छ। योजना छनोट, बजेट विनियोजन, खरिद प्रक्रिया, योजना/कार्यक्रम कार्यान्वयन तथा भुक्तानी प्रणालीलाई पूर्ण रूपमा अनलाईन गराईनेछ ।

## अब म विषयक्षेत्रसंग सम्बन्धित रहेर विनियोजित वजेट प्रस्तुत गर्दछु ।

**सामाजिक विकास अन्तर्गत,**

### १. शिक्षा क्षेत्र

शिक्षा समृद्ध समाज निर्माणको आधार हो। शिक्षालाई जीवनोपयोगी, गुणस्तरीय, प्रविधिमैत्री, सीपमूलक तथा रोजगारमुखी बनाउने उद्देश्यका साथ शिक्षा क्षेत्रलाई आगामी आर्थिक वर्षको प्रमुख प्राथमिकतामा राखिएको छ। आगामी आर्थिक वर्षमा विद्यालय शिक्षाको गुणस्तर सुधार गर्न निम्न कार्यक्रममा देहायको बजेट विनियोज गरेको छु ।

- साधारण तथा प्राविधिक धार तर्फ अध्ययनरत प्रति विद्यार्थी लागतका आधारमा शिक्षण सिकाई व्यवस्थापन तर्फ रु. ४७ लाख रुपैया विनियोजन गरेको छु । कृषि/भेटेरेनरी तथा अन्य प्राविधिक शिक्षा अध्ययनरत विद्यार्थीलाई अध्ययन खर्च उपलब्ध गराउन रु.४ लाख वजेट विनियोजन गरेको छु ।
- विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग विस्तार गर्न प्रत्येक माध्यमिक विद्यालयहरुमा स्मार्ट बोर्ड खरिदमा प्रति विद्यालय रु. १ लाख ५० हजारका दरले १२ लाख विनियोजन गरेको छु ।
- शिक्षकको पेशागत क्षमता विकासका लागि निरन्तर तालिम सञ्चालन को लागि रु.५ लाख बजेट बिनियोजन गरेको छु ।
- विज्ञान, गणित, अंग्रेजी तथा सूचना प्रविधि शिक्षामा विशेष जोड दिइने नीति अनुरुप शुन्य दरबन्दी भएका निम्न माध्यमिक तथा माध्यमिक विद्यालयहरुमा गणित, अंग्रेजी तथा विज्ञान बिषयको शिक्षक व्यवस्थापन गर्न रु. १ करोड १७ लाख विनियोजन गरेको छु ।
- सामुदायिक विद्यालयहरुमा शैक्षिक कार्यक्रम सञ्चालनको लागि रु.२५ लाख बजेट बिनियोजन गरेको छु ।
- विपन्न लक्षित छात्रवृत्तिका लागि छनौट हुने विद्यार्थीको लागि रु.२६ लाख बजेट विनियोजन गरेको छु ।
- अनौपचारिक तथा परम्परागत शिक्षा सञ्चालन अनुदान अन्तर्गत रु.१० लाख बजेट विनियोज गरेको छु ।
- प्रारम्भिक वालकक्षा देखि कक्षा ५ सम्म अध्ययनरत वालवालिकाको दिवा खाजा प्रवन्धको लागि रु. ५५ लाख बजेट बिनियोजन गरेको छु ।
- स्थानीय भाषा, संस्कृति तथा इतिहासलाई पाठ्यक्रमसँग आबद्ध गर्दै स्थानीय पाठ्यवस्तुको प्रभावकारी कार्यान्वयन गर्न तथा अन्य सबै विषयको पाठ्यपुस्तक व्यवस्थापन तर्फ रु. ३२ लाख बजेट विनियोजन गरेको छु ।

- शिक्षक दरबन्दी कम भएका विद्यालयमा गाउँपालिका अनुदान शिक्षक व्यवस्थापन तथा प्रारम्भिक वाल विकास सहजकर्ता र विद्यालय कर्मचारीको त.भ व्यवस्थापन तर्फ गाउँपालिकाबाट रु. २ करोड २० लाख बजेट विनियोजन गरेको छु ।
- विद्यालय सञ्चालन व्यवस्थापन तर्फ रु. ३२ लाख बजेट विनियोजन गरेको छु ।

शिक्षामा गरिएको लगानीलाई मानव पूँजी विकासको दीर्घकालीन आधारका रूपमा लिइने गरी गुणस्तरीय समावेशी शिक्षा विकास तर्फ कुल रु.१७ करोड ९० लाख बजेट विनियोजन गरेको छु।

## २. स्वास्थ्य क्षेत्र

- स्वस्थ नागरिक समृद्ध समाजको आधार वनाउन विशेषज्ञ सहितको स्वास्थ्य सेवा कार्यक्रम सञ्चालन गर्न ४ लाख ५० हजार बजेट विनियोजन गरेको छु ।
- प्रत्येक नागरिकलाई गुणस्तरीय आधारभूत स्वास्थ्य सेवा सहज रूपमा उपलब्ध गराउने उद्देश्यले स्वास्थ्य संस्थामा कार्यरत स्वास्थ्यकर्मीहरुको क्षमता विकास, पोषण कार्यक्रम, आमा सुरक्षा, गर्भवती उत्प्रेरणा सेवा, रक्तसंचार, न्यानो झोला, नवजात शिशुको निःशुल्क उपचार कार्यक्रम सञ्चालन, खोप अभियान, सरसफाई प्रवर्द्धन कार्यक्रम, घरदैलोमा स्वास्थ्य प्रवर्द्धन कार्यक्रम, राष्ट्रिय महिला स्वास्थ्य स्वयंसेविका कार्यक्रम, क्षुरोग नियन्त्रण, नागरिक आरोग्य सेवा केन्द्र् सञ्चालनका लागि रु. १ करोड २० लाख बजेट विनियोजन गरेको छु ।

## आर्थिक विकास

## ३.कृषि तथा पशुपन्छी विकास

## कृषि तर्फः

शान्तिनगर गाउँपालिकाको अर्थतन्त्रको प्रमुख आधार कृषि क्षेत्र हो। कृषिलाई निर्वाहमुखीबाट व्यवसायिक, आधुनिक तथा प्रतिस्पर्धी बनाउने उद्देश्यले कृषि क्षेत्रमा विशेष प्राथमिकता दिइएको छ। आगामी आर्थिक वर्षमा,

- खाधान्न वालीको उन्नत विउँ उपयोग, उन्नत विउँ वितरकलाई प्रोत्साहन, कृषि यान्त्रीकरण लगायतका कृषि विकासका कार्य गर्न रु.४५ लाख विनियोजन गरेको छु ।

## पशुपालनतर्फः

- वातावरणमैत्री गोठ/खोर निर्माण तथा सुधार कार्यक्रम, औषधी खरिद, पशुपंछीमा महामारी आकस्मिक रोग नियन्त्रण, ककुरमा रेविज नियन्त्रण लगायतका पशु सेवा तर्फका कार्यक्रम सञ्चालनको लागि कुल रु. १९ लाख विनियोजन गरेको छु ।

## ४. उद्यम विकास तर्फः

सहकारी क्षेत्रलाई स्थानीय आर्थिक विकासको महत्वपूर्ण आधारका रूपमा विकास गरिनेछ। सहकारी संस्थाको संस्थागत क्षमता अभिवृद्धि, सुशासन तथा वित्तीय अनुशासनलाई सुदृढ गरिनेछ। उत्पादनमुखी सहकारीलाई प्राथमिकता दिँदै कृषि, महिला उद्यम तथा युवा उद्यमसँग आबद्ध गरिनेछ। युवा तथा महिलालाई स्वरोजगार बनाउन उद्यम विकास, स्टार्टअप प्रवर्द्धन तथा सहुलियतपूर्ण कार्यक्रम, नया लघु उधमी सिर्जना, एडभान्स सिप विकास तालिम लगायतका क्रियाकलापको लागि कुल रु. ११ लाख नियोजन गरेको छु ।

## ५. रोजगार प्रवर्द्धन तथा उधमशिलता विकास तर्फः

स्थानीय स्तरमा रोजगारी सिर्जना गर्न संघीय सरकारको कार्यक्रमसँग समन्वय गरिनेछ। स्थानीय पूर्वाधार निर्माणमा स्थानीय श्रमिकको अधिकतम परिचालन गरिनेछ। सीपमूलक तालिम, उद्यमशीलता विकास र स्थानीय उत्पादनको प्रवर्द्धनमार्फत रोजगारीका अवसर सिर्जना गर्ने, न्युनतम रोजगारी प्रत्याभूति, सिप विकास, उधमशिलता प्रवर्धन र पुनः एकिकरण सम्बन्धी क्रियाकलाप सञ्चालन, श्रमको सम्मान राष्ट्रको अभियान सम्बन्धी क्रियाकलाप सञ्चालन, डिजिटल श्रम संसार प्रवर्द्धन कार्यक्रम कार्यान्वयन गर्न रु. ३३ लाख बजेट विनियोजन गरेको छु ।

गाउँ सभाका अध्यक्षज्यू,
सभाका सम्पूर्ण सदस्य ज्यूहरु,

## ६.पूर्वाधार विकास

दिगो, सुरक्षित र गुणस्तरीय पूर्वाधार विकास स्थानीय समृद्धिको आधार हो। उत्पादन, सेवा प्रवाह, लगानी तथा नागरिकको जीवनस्तर सुधारका लागि पूर्वाधार क्षेत्रलाई उच्च प्राथमिकता दिइएको छ। आगामी आर्थिक वर्षमा पूर्वाधार विकासतर्फ निम्न कार्यक्रमहरू सञ्चालन गरिनेछन्

- शान्तिनगर गाउँपालिकाको आफ्नै प्रशासकीय भवन निर्माण गर्न आगामी आ.व.मा २ करोड ५० लाख बजेट विनियोजन गरेको छु ।
- समपुरक अनुदान अन्तर्गत भलानेटी वस्तिखोला हुँदै सुन्दरादेवी मन्दिर जाने सडक कालोपत्रे योजना सञ्चालनको रु. १ करोड १० लाख वजेट विनियोजन गरेको छु ।
- विद्यालय भवन निर्माण तर्फ २८ लाख बजेट विनियोजन गरेको छु ।
- प्रदेश सशर्त अनुदान अन्तर्गत शान्तिनगर गाउँपालिका वडा नं. २ रातिपोखरी देखि वन कार्यालयबाट विष्णुपुर हुँदै शान्तिनगर-५ स्वास्थ्य कार्यालयसम्म सडक स्तरउन्नतीको लागि ७५ लाख बजेट विनियोजन गरेको छु ।

- अमुवा माथी टोल कार्तिक सडक स्तर उन्नती, वगालेको घरदेखि वुद्ध मा.वि हुदै भलानेटी जाने सडक स्तरउन्नती, नयाबस्ती देखि बाघखोर कालापानी जोड्ने सडक स्तरउन्नती, वुडाडावर त्रिवेणी चोकदेखि गाँजिरा हुदै कोईरालाडाडा जोड्ने सडक स्तरउन्नती, मामाचोक देखि गर्चिउला जाने सडक स्तरउन्नती, शिमचौतारी खानेपानी टयाङ्की गनारी हुँदै आले चौतारी जोड्ने सडक स्तरउन्नती तर्फ ५१ लाख बजेट विनियोजन गरेको छु ।

## ७.सिचाई, खानेपानी तथा सरसफाइ

गाउँ सभाका अध्यक्षज्यू,
सभाका सम्पूर्ण सदस्य ज्यूहरु,

सिचाई, स्वच्छ खानेपानी र सरसफाइ नागरिकको आधारभूत अधिकार हो। सुरक्षित खानेपानीको पहुँच विस्तार गर्दै स्वस्थ समुदाय निर्माण गर्न विशेष कार्यक्रम सञ्चालन गरिनेछ। आगामी आर्थिक वर्षमा

- विशेष अनुदान अन्तर्गत बबई नदिको पानी लिफ्टिङ यान्त्रिक सिचाई आयोजनाको लागि १ करोड बजेट विनियोजन गरेको छु ।
- शान्तिनगर गाउँपालिका ३ भित्री खोला सिचाई डयाम निर्माण तर्फ प्रदेश विशेष अनुदान (पुँजिगत) अन्तर्गत २१ लाख वजेट विनियोजन गरेको छु ।
- खानेपानी तथा सरसफाइको प्रवन्धको लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

## ८. पर्यटन,संस्कृति तथा सम्पदा संरक्षण

गाउँ सभाका अध्यक्षज्यू,
सभाका सम्पूर्ण सदस्य ज्यूहरु,

शान्तिनगर गाउँपालिकामा रहेका प्राकृतिक, धार्मिक, सांस्कृतिक तथा ऐतिहासिक सम्पदाको संरक्षण र प्रवर्द्धन गर्दै पर्यटनलाई स्थानीय आर्थिक विकासको आधार बनाउन आवश्यक वजेटको व्यवस्था गरेको छु ।

## ९. महिला,बालबालिका तथा जेष्ठ नागरिक तर्फः

गाउँ सभाका अध्यक्षज्यू,
सभाका सम्पूर्ण सदस्य ज्यूहरु,

आगामी आर्थिक वर्षमा,

- बालबिबाह न्युनिकरणका लागि अभियान सञ्चालन तर्फ रु. १० लाख बजेट विनियोजन गरेको छ ।
- जेष्ठ नागरिक सम्मान तथा निशुल्क स्वास्थ्य परीक्षण कार्यक्रम तथा धार्मीक अवलोकन भ्रमणको लागि ५ लाख बजेट विनियोजन गरेको छ ।
- अपांगता परिचय पत्र वितरण सिविर संचालन कार्यक्रम आयोजना गर्न रु. १ लाख ५० हगार वजेट विनियोजन गरेको छ ।
- महिला नेतृत्व व्यक्तित्व, क्षमता विकास तालिम तथा महिला सुरक्षा तथा साइवर सचेतना कार्यक्रम सञ्चालन गर्न २ लाख बजेट विनियोजन गरेको छ ।
- महिला समूह तथा सहकारी मार्फत आय आर्जन तथा उद्यम प्रवर्धन कार्यक्रम सञ्चालन गर्न रु. २ लाख बजेट विनियोजन गरेको छ ।
- महिला तथा जेष्ठ नागरिकहरुका लागि निःशुल्क यातायात प्रवन्ध मिलाउन बस खरिदको लागि रु. ३५ लाख वजेट विनियोजन गरेको छ ।

समावेशी विकासका लागि महिला, बालबालिका, ज्येष्ठ नागरिक, दलित, आदिवासी जनजाति, अपाङ्गता भएका व्यक्ति तथा विपन्न समुदायको सशक्तीकरण अपरिहार्य गराउन कुल रु. ६५ लाख बजेट विनियोजन गरेको छ ।

## १०. युवा तथा खेलकुद

गाउँ सभाका अध्यक्षज्यू,
सभाका सम्पूर्ण सदस्य ज्यूहरु,

युवा जनशक्ति राष्ट्रको अमूल्य सम्पत्ति हो। युवालाई सीप, रोजगारी, नेतृत्व तथा उद्यमसँग जोड्ने नीति लिइएको छ। विद्यालय तथा पालिका स्तरीय विभिन्न खेलकुद प्रतियोगिता सञ्चालन गर्न करिव रु. २० लाख बजेट बिनियोजन गरेको छ ।

## ११. वन, वातावरण तथा जलवायु परिवर्तन तथा स्वच्छ उर्जा

गाउँ सभाका अध्यक्षज्यू,
सभाका सम्पूर्ण सदस्य ज्यूहरु,

दिगो विकासका लागि वातावरण संरक्षण र जलवायु परिवर्तनको प्रभाव न्यूनीकरणलाई विशेष प्राथमिकता दिइएको छ। आगामी आर्थिक वर्षमा,

- वृक्षारोपण अभियान, नदी तथा जलाधार संरक्षण कार्यक्रम, सामुदायिक वनसँग समन्वय गरी जैविक विविधता संरक्षण, जलवायु अनुकूल कृषि तथा हरित प्रविधिको प्रवर्द्धन, वातावरणीय प्रभाव न्यूनीकरणका विविध कार्यक्रम सञ्चालन गर्न आवश्यक वजेट विनियोजन गरेको छु ।
- शान्तिनगरवासी नागरिकको न्युनतम महशुल भुक्तानीको लागि रु.२५ लाख बजेट विनियोजन गरेको छु ।

## १२. विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन

गाउँ सभाका अध्यक्षज्यू,
सभाका सम्पूर्ण सदस्य ज्यूहरु,

बाढी, पहिरो, आगलागी, चट्याङ, महामारी लगायतका विपद्को जोखिमलाई ध्यानमा राखी विपद् व्यवस्थापनलाई थप प्रभावकारी बनाइनेछ। विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना कार्यान्वयन, खोज तथा उद्धार सामग्री व्यवस्थापन, समुदायस्तरमा विपद् सचेतना कार्यक्रम सञ्चालन, विपद् प्रभावित परिवारलाई आवश्यक राहत तथा पुनःस्थापनामा सहयोग गर्न विपद व्यवस्थापन तर्फ रु. २५ लाख बजेट विनियोजन गरेको छु ।

## १३. न्यायिक समिति

गाउँ सभाका अध्यक्षज्यू,
सभाका सम्पूर्ण सदस्य ज्यूहरु,

- न्यायिक समितिका पदाधिकारी र मेलमिलापकर्ताहरूको लागि कानूनी सचेतना कार्यक्रम सञ्चालन गर्न रु. १ लाख बजेट विनियोजन गरेको छु ।

स्थानीय स्तरमा उत्पन्न हुने विवादको छिटो, सहज र न्यायपूर्ण समाधानका लागि न्यायिक समितिको संस्थागत क्षमता अभिवृद्धि गरिनेछ । मेलमिलापकर्ताको क्षमता विकास, कानुनी सचेतना तथा न्यायमा नागरिकको सहज पहुँच सुनिश्चित गरिने क्रियाकलापहरु कार्यान्वयन गर्न जम्मा रु. ९ लाख बजेट विनियोजन गरेको छु ।

## १४. सुशासन तथा संस्थागत विकास

गाउँ सभाका अध्यक्षज्यू,
सभाका सम्पूर्ण सदस्य ज्यूहरु,

- गाउँपालिकाको आर्थिक क्षमता र स्रोत–साधनको उपलब्धताका आधारमा कर्मचारीहरूको मनोबल अभिवृद्धि तथा सेवा प्रवाहलाई थप प्रभावकारी बनाउन थप प्रोत्साहनमूलक कार्यक्रमहरू क्रमशः सञ्चालन गरिनेछन्।

- शान्तिनगर गाउँपालिका तथा मातहतका कार्यालय, विद्यालय, स्वास्थ्य संस्था लगायतका निकायमा कार्यरत गाउँपालिकाको स्रोतवाट तलवभत्ता प्राप्त गर्ने करार कर्मचारी, शिक्षक, स्वास्थ्यकर्मी, सुरक्षाकर्मी तथा अन्य राष्ट्रसेवकहरूको सेवा–सुविधालाई समयानुकूल बनाउने चाहना रहेता पनि सीमित आर्थिक स्रोत तथा स्रोत व्यवस्थापनमा परेको उच्च दबाबका कारण अपेक्षाअनुरूप सेवा–सुविधा वृद्धि गर्न सम्भव भएन। तथापि, कार्यरत जनशक्तिको मनोबल उच्च राख्दै सेवाप्रति थप उत्प्रेरणा प्रदान गर्ने उद्देश्यले गाउँपालिका तथा मातहतका कार्यालय, विद्यालय र स्वास्थ्य संस्थामा कार्यरत पूर्ण तलब स्केल तथा महँगी भत्ता प्राप्त नगरेका गाउँपालिका अनुदान शिक्षक, प्रारम्भिक बालविकास सहजकर्ता, विद्यालय कर्मचारी, स्वास्थ्यकर्मी, सुरक्षाकर्मी तथा गाउँपालिकाका अन्य सवै कर्मचारीहरूले खाइपाई आएको मासिक पारिश्रमिकमा संवत् २०८३ श्रावण १ गतेदेखि लागू हुने गरी प्रतिमहिना रु. दुई हजारका दरले तलव वृद्धि गर्ने व्यवस्था प्रस्ताव गरेको छ। यसबाट कार्यरत जनशक्तिको मनोबल अभिवृद्धि भई सेवा प्रवाह थप प्रभावकारी हुने विश्वास लिएको छु ।

सुशासन, पारदर्शिता र उत्तरदायित्व स्थानीय सरकारको मूल आधार हो। सार्वजनिक सेवा प्रवाहलाई थप सरल, छरितो तथा प्रविधिमैत्री बनाउने, डिजिटल अभिलेख प्रणाली विस्तार गर्ने, सार्वजनिक सुनुवाइ, सामाजिक परीक्षण तथा सार्वजनिक लेखापरीक्षणलाई प्रभावकारी बनाउन, कर्मचारी तथा जनप्रतिनिधिको मनोवल उच्च वनाउने, क्षमता विकास गर्ने जस्ता कार्यक्रम सञ्चालन गर्न आवश्यक वजेट बिनियोजन गरेको छु ।

## १५.वित्तीय सुशासन तथा खर्च व्यवस्थापन

**गाउँ सभाका अध्यक्षज्यू,**

**सभाका सम्पुर्ण सदस्यज्यूहरु**

सार्वजनिक स्रोत र साधनको उच्चतम सदुपयोग गर्दै वित्तीय अनुशासन, मितव्ययिता, पारदर्शिता तथा उत्तरदायित्व कायम गर्नु यस बजेटको प्रमुख प्रतिबद्धता हो। आगामी आर्थिक वर्षमा वित्तीय व्यवस्थापनलाई थप प्रभावकारी बनाउन देहायका सुचकको कार्यान्वयन गरिनेछ,

- स्वीकृत कार्यक्रम र बजेटको आधारमा मात्र खर्च गरिनेछ।
- चालु खर्चलाई मितव्ययी बनाई पुँजीगत खर्चको अनुपात बढाइनेछ।
- समयमै योजना सम्झौता, कार्यान्वयन र भुक्तानी सुनिश्चित गरिनेछ।
- सार्वजनिक खरिद प्रणालीलाई प्रतिस्पर्धात्मक, पारदर्शी र प्रविधिमैत्री बनाइनेछ।
- बेरुजु फछ्र्यौट तथा बेरुजु न्यूनीकरणलाई अभियानका रूपमा सञ्चालन गरिनेछ।
- आन्तरिक नियन्त्रण प्रणालीलाई सुदृढ गरिनेछ।
- आन्तरिक लेखापरीक्षणलाई नियमित, प्रभावकारी र नतिजामुखी बनाइनेछ।
- सार्वजनिक सम्पत्तिको अभिलेखीकरण, संरक्षण र सदुपयोगलाई व्यवस्थित गरिनेछ।

- कार्यसम्पादनमा आधारित बजेट कार्यान्वयनलाई प्रोत्साहन गरिनेछ।

## १६. राजस्व सुधार तथा स्रोत परिचालन

आन्तरिक आय अभिवृद्धि गर्न करको दायरा विस्तार, कर प्रशासनमा सूचना प्रविधिको प्रयोग, करदातामैत्री सेवा, राजस्व चुहावट नियन्त्रण तथा कर शिक्षालाई विशेष प्राथमिकता दिइनेछ । प्राकृतिक स्रोतको दिगो उपयोग, स्थानीय सम्पत्तिको संरक्षण तथा निजी क्षेत्र, सहकारी र समुदायसँगको साझेदारीमार्फत स्रोत परिचालनलाई थप प्रभावकारी बनाउन रु. ५ लाख बजेट बिनियोजन गरेको छु ।

## १७. अनुगमन, मूल्याङ्कन तथा उत्तरदायित्व

**गाउँ सभाका अध्यक्षज्यू,**
**सभाका सम्पूर्ण सदस्यज्यूहरु**
बजेटको सफलता यसको प्रभावकारी कार्यान्वयनमा निर्भर गर्दछ। त्यसैले आगामी आर्थिक वर्षमा अनुगमन तथा मूल्याङ्कनलाई विशेष प्राथमिकता दिइनेछ। यसका लागि

- प्रत्येक कार्यक्रमको वार्षिक कार्ययोजना तयार गरिनेछ ।
- त्रैमासिक, अर्धवार्षिक तथा वार्षिक समीक्षा गरिनेछ ।
- विषयगत समितिहरूको नियमित अनुगमन गरिनेछ ।
- सार्वजनिक सुनुवाइ, सामाजिक परीक्षण तथा सार्वजनिक लेखापरीक्षणलाई संस्थागत गरिनेछ ।
- कार्यसम्पादन सूचकका आधारमा प्रगति मूल्याङ्कन गरिनेछ ।
- नागरिक गुनासो व्यवस्थापन प्रणालीलाई थप प्रभावकारी बनाइनेछ ।
- विकास आयोजनाको गुणस्तर परीक्षणलाई नियमित गरिनेछ ।

## १८. अन्तरसरकारी समन्वय

संघीय सरकार, प्रदेश सरकार, जिल्ला समन्वय समिति तथा छिमेकी स्थानीय तहहरूसँग समन्वय, सहकार्य र साझेदारीलाई थप सुदृढ गर्दै साझा विकासका कार्यक्रमहरू कार्यान्वयन गरिनेछ।

## १९. निजी क्षेत्र, सहकारी तथा समुदायसँग साझेदारी

स्थानीय विकासलाई दिगो बनाउन निजी क्षेत्र, सहकारी संस्था, सामुदायिक संस्था, गैरसरकारी संस्था तथा विकास साझेदारसँग सहकार्यलाई प्रोत्साहन गरिनेछ । उत्पादन, रोजगारी, पर्यटन, कृषि तथा सामाजिक विकासका क्षेत्रमा साझेदारीका कार्यक्रम सञ्चालन गरिनेछन् ।

## २०. बजेट कार्यान्वयनप्रतिको प्रतिबद्धता

**गाउँ सभाका अध्यक्षज्यू,**

**सभाका सम्पूर्ण सदस्यज्यूहरु**

प्रस्तुत बजेट केवल आय–व्ययको विवरण मात्र होइन, यो शान्तिनगर गाउँपालिकाका नागरिकको समृद्ध भविष्य निर्माण गर्ने साझा मार्गचित्र हो। हामीले प्रस्तुत गरेका नीति, कार्यक्रम र बजेटलाई समयमै, गुणस्तरीय र पारदर्शी रूपमा कार्यान्वयन गर्न गाउँपालिका पूर्ण रूपमा प्रतिबद्ध रहेको विश्वास दिलाउन चाहन्छु । जनप्रतिनिधि, कर्मचारी, राजनीतिक दल, नागरिक समाज, निजी क्षेत्र, सञ्चारमाध्यम तथा सम्पूर्ण गाउँवासीको सक्रिय सहभागिता र सहयोगबाट मात्र यस बजेटका उद्देश्यहरू हासिल गर्न सकिनेछ भन्ने हाम्रो दृढ विश्वास रहेको छ।

## २१. आय तथा व्ययको अनुमान

**गाउँ सभाका अध्यक्षज्यू,**

**सभाका सम्पूर्ण सदस्यज्यूहरु**

अब म आर्थिक वर्ष २०८३/०८४ का लागि प्रस्तावित **आय तथा व्ययको अनुमान** प्रस्तुत गर्न चाहन्छु।

### अनुमानित आय

- संघीय सरकारबाट प्राप्त हुने वित्तीय समानीकरण अनुदान : रु. १० करोड २६ लाख
- संघीय राजश्व बाँडफाँड रु. ९ करोड ९५ लाख
- संघीय सशर्त, समपूरक तथा विशेष अनुदान : रु. १९ करोड ९२ लाख
- प्रदेश सरकारबाट प्राप्त राजश्व बाँडफाँड अनुदान : रु. ९२ लाख १३ हजार
- प्रदेश सरकारबाट प्राप्त हुने वित्तीय समानीकरण अनुदानः रु ६९ लाख १२ हजार
- आन्तरिक राजश्व तर्फ : रु. ५ करोड ६३ लाख
- अ.ल्या तथा अन्य स्रोत : रु. १ करोड ३१ लाख २२ हजार
- प्रदेश सशर्त, समपूरक तथा विशेष अनुदानः १ करोड ८२ लाख
- स्थानीय राजश्वः रु. १ करोड ७५ लाख

**कुल अनुमानित आय : रु. ५२ करोड २५ लाख ४७ हजार मात्र**

### अनुमानित व्यय

- कार्यालय सञ्चालन तथा प्रशासनिक खर्च : रु. १० करोड ६० लाख
- संघ प्रदेश म्याचिङ कार्यक्रम खर्चः २ करोड

- गत आ.व. को भुक्तानी दायित्वः २ करोड
- गुणस्तरीय शिक्षाः २ करोड ९५ लाख
- आधारभुत स्वास्थ्य सेवाः ५५ लाख
- पशु सेवा विकास तर्फः १५ लाख
- कृषि विकास तर्फः २१ लाख
- महिला विकास तर्फः ५५ लाख
- न्यायिक समितिः ९ लाख
- हेफरसंग साझेदारीः ४८ लाख
- प्रशासकीय भवनः २ करोड ५० लाख
- राजश्व शाखा तर्फः ५ लाख
- रोजगार प्रवर्द्धन म्याचिङ फण्डः १० लाख ४७ लाख
- अन्य म्याचिङः ४५ लाख
- भुमि सेवाः ८ लाख
- पालिकास्तरीय योजना तथा कार्यक्रम २ करोड ८५ लाख
- वडास्तरीय वजेटः ४ करोड ९० लाख
- संघीय ससर्त, समपूरक तथा विशेष अनुदान तर्फ रु.१९ करोड ९२ लाख
- प्रदेश ससर्त, समपूरक तथा विशेष अनुदान तर्फः रु. १ करोड ८२ लाख

**कुल अनुमानित व्यय : रु. ५२ करोड २५ लाख ४७ हजार मात्र**

## २२. अव म सवैलाई देहाय अनुसार धन्यवाद ज्ञापन गर्दछु ।

**गाउँ सभाका अध्यक्षज्यू,**

**गाउँ सभाका सम्पूर्ण सदस्य ज्यूहरु,**

प्रस्तुत बजेट तर्जुमा प्रक्रियामा मार्गदर्शन गर्नुहुने **गाउँपालिका अध्यक्षज्यू**, सम्पूर्ण **कार्यपालिका सदस्यज्यूहरू**, **गाउँसभा सदस्यज्यूहरू**, विषयगत समितिहरू, प्रमुख प्रशासकीय अधिकृतज्यू, विषयगत शाखा प्रमुख ज्यूहरु, सम्पूर्ण अन्य कर्मचारीहरू, राजनीतिक दल, नागरिक समाज, शिक्षक, स्वास्थ्यकर्मी, किसान, उद्यमी, पत्रकार, विकास साझेदार संघ सस्था तथा सम्पूर्ण शान्तिनगरवासीप्रति हार्दिक आभार व्यक्त गर्दछु। म विशेष रूपमा आगामी आर्थिक वर्षको **नीति तथा कार्यक्रम** लाई मार्गदर्शनका रूपमा स्वीकृत गर्नुहुने गाउँसभा प्रति कृतज्ञता व्यक्त गर्दछु । प्रस्तुत बजेटले ती नीति तथा कार्यक्रमलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्दै **शान्तिनगरको दायित्व, सुशासन र संबृद्धिको स्थायीत्व** भन्ने हाम्रो आकांक्षालाई साकार पार्न महत्वपूर्ण योगदान पुऱ्याउने विश्वास लिएको छु।

अन्त्यमा, नेपालको संविधानले परिकल्पना गरेको **"समृद्ध नेपाल, सुखी नेपाली"** को राष्ट्रिय आकाङ्क्षालाई स्थानीय तहबाट साकार पार्ने दृढ संकलपका साथ प्रस्तुत **आर्थिक वर्ष २०८३/०८४ को आय तथा**

**व्ययको अनुमान (बजेट)** माथि गाउँसभामा रचनात्मक छलफल भई सर्वसम्मत रूपमा पारित हुने अपेक्षा गर्दै स्वीकृतिका लागि प्रस्तुत गर्दछु।

**धन्यवाद ।**

**मितिः २०८३/०३/१० गते बुधबार ।**

.............

प्रेमा कुमारी वुढाथोकी
गाउँपालिका उपाध्यक्ष
संयोजक (वजेट तथा योजना तर्जुमा समिति)